# सान किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमका आवेदकहरुले बुझाउनु पर्ने कागजातहरू

**(क) देहाय अनुसारका कागजातहरु भएका तीन प्रति फाईल तयार गरी साना किसान विकास लघुवित वित्तीय संस्था लि. केन्द्रीय कार्यालय काठमाडौंमा - १ प्रति, सम्बन्धित इलाका कार्यालयमा - १ प्रति र सम्बन्धित साना किसान कृषि सहकारी संस्थामा - १ प्रति बुझाउनु पर्नेछ :-**

१. रितपूर्वक भरेको अनुसूची २ अनुसारको व्यक्तिगत आवेदन फारमको सक्कल ।

२. अनुसूची ३ (ग) अनुसारको प्रशिक्षार्थीले गरेको कबुलियतनामा (नेपाली कागजमा हुनुपर्ने) ।

३. अनुसूची ३ (क) वा ३ (ख) बमोजिम अभिभावकले गरिदिएको मञ्जुरीनामा थान-१, अनुसूची ३ (घ) सम्बन्धित संस्थाका प्रबन्धकको कबुलियतनामा थान-१, अनुसूची ३ (ङ) सम्बन्धित संस्थाका अध्यक्षको कबुलियतनामा थान-१, अनुसूची ३ (च) सम्बन्धित कृषि सहकारी संघका अध्यक्ष (उक्त जिल्लामा कृषि सहकारी संघ गठन नभएको वा सकृय नभएको अवस्थामा उक्त क्षेत्रको प्रतिनिधित्व गर्ने नेपाल कृषि सहकारी केन्द्रीय संघको पदाधिकारी) को कबुलियतनामा थान -१ (नेपाली कागजमा हुनुपर्ने) गरी जम्मा थान- ४ कागजातहरु ।

४ अनुसूची ४ बमोजिमको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी ।

५. इजरायलमा यो प्रशिक्षण पुरा गरेपछि प्रशिक्षार्थीले कृषि व्यवसाय सञ्चालन गर्नु पर्ने र शर्त अनुसार तोकिएको समय भित्रमा नेपाल नफर्किएमा निज तथा निजको परिवारलाई पालिकाले प्रदान गर्ने कुनै पनि प्रकारको सेवा सुविधाबाट वञ्चित गर्न सकिने आशय खुलेको सम्बन्धित पालिकाको पत्र ।

६. सम्बन्धित साना किसान सहकारी संस्थाले १४ लाख बराबरको धितो बन्धक लिखत (दृष्टिबन्धक) गरेको प्रतिलिपी (सक्कल प्रति साना किसान कृषि सहकारी संस्थाले सुरक्षित राख्ने) ।

७. अनुसूची १ को बुँदा (ज) अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको खातामा नगद रू. १ लाख बुझाएको बैंक भौचरको सक्कल केन्द्रीय कार्यालयमा बुझाउने र १ प्रति प्रतिलिपी संस्थामा एवम् १ प्रति प्रतिलिपी इलाका कार्यालयमा बुझाउने ।

८. अनुसूची ५ अनुसारको शपथ ग्रहण पत्रको सक्कल १ प्रति (केन्द्रीय कार्यालयमा), प्रतिलिपी २ प्रति (ईलाका कार्यालय र संस्थामा) ।

९. पासपोर्टको प्रतिलिपी ।

१०. नागरिकताको प्रतिलिपी ।

११. परराष्ट्र विभागको छाप लगाईएको पुलिस रिपोर्टको प्रतिलिपी ।

१२. १० जोड २ वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

१३. लम्बाई २ इन्च र चौडाई २ इन्च रहेको, सेतो पृष्ठभुमी भएको एवम् दुई तिहाई भाग अनुहारले ढाकेको हालसालै खिचेको ३/३ प्रति फोटो खाममा राखी शुरक्षित तरिकाले फाईलमा स्टिच गर्ने ।

**(ख) इजरायली राजदूतावासमा बुझाउनुपर्ने देहाय अनुसारका कागजातहरु A4 साइजको बलियो खाममा राखी साना किसान विकास लघुवित्त संस्थाको केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ : -**

१. पासपोर्टको सक्कल प्रति ।

२. नागरिकताको प्रतिलिपी ।

३. परराष्ट्र विभागको छाप लगाईएको पुलिस रिपोर्टको मुल प्रति ।

४. १० जोड २ वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

५. लम्बाई २ इन्च र चौडाई २ इन्च रहेको, सेतो पृष्ठभुमी भएको एवम् दुई तिहाई भाग अनुहारले ढाकेको हालसालै खिचेको ३ प्रति फोटो ।

***नोटः*** *(१) सबै कागजातहरू माथि उल्लिखित क्रममा राम्ररी फाइलिङ्ग गरी बुझाउनु पर्नेछ ।*

*(२) सबै प्रतिलिपी (फोटोकपी) हरूमा आवेदकले स्वयम् प्रमाणित गरी दस्तखत गर्नु पर्नेछ ।*

*(३) साना किसान विकास लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा कागजात बुझाउँदा अवेदक स्वयम् उपस्थित हुनु पर्नेछ ।*